नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीबाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## दार्चुला

## गाउँसभाको १५ औं अधिवेशनमा प्रस्तुत गरिएको

# आर्थिक वर्ष २०८१।८२ को

# वार्षिक नीति तथा कार्यक्रम

२०८१ असार ७

अध्यक्ष
नौगाड गाउँपालिका

**गाउँसभा सदस्य ज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरू, सुरक्षाकर्मी, पत्रकार र अन्य उपस्थित** महानुभावहरू,

**"समृद्ध नौगाड, सुखी नौगाडबासी"** भन्ने दीर्घकालीन सोचका साथ बस्दै गरेको नौगाड गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सम्पूर्ण देशभक्त नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान बमोजिम राज्य पुनः संरचना पश्चात् स्थानीय तहको दोस्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९।८० र दोस्रो आर्थिक वर्ष २०८०।८१ मा तय गरिएको नीति तथा कार्यक्रम पर्याप्त स्रोत र साधनको अभावका कारण पूर्ण रूपमा कार्यान्वयन गर्न नसकिएको अवस्था रह्यो । सुन्दर, समुन्नत, सभ्य र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो दृढ संकल्प र समस्त गाउँपालिका बासीको समृद्धिको चाहना पुरा गर्ने दिशामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई मार्ग निर्देशकका रूपमा प्रस्तुत गरिएको छ । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु अनुकूलन दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नौगाड बासी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ । गाउँपालिकालाई सुशासन, दिगो स्थानीय विकास र सेवा प्रवाहका क्षेत्रमा उत्कृष्ट बनाउन कार्यसम्पादन मूल्याङ्कन, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा उत्कृष्टता हासिल गर्दै पालिकाको बेरूजु र वित्तीय अनियमिततालाई शून्यमा झारी नौगाडबासीलाई आत्म निर्भर र सम्पन्न बनाउने, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन मार्फत गाउँपालिकाको पहिचान कायम राख्ने र योजनाबद्ध स्थानीय विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रूपमा लिएको छ।

अध्यक्ष
नौगाड गाउँपालिका

सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम गर्दै समृद्धि हासिल गर्ने लक्ष्य तय गर्दा हामी सामु थुप्रै अवसरका साथै चुनौतीहरू पनि विद्यमान रहेका छन् । विभिन्न चुनौतीका बावजुत नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम, सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम, हाल सम्म प्राप्त उपलब्धि तथा अनुभव, श्रोत साधनको उपलब्धता, नौगाडबासीको माग र आवश्यकतालाई ध्यानमा राखी प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो स्थानीय विकास र समृद्धिको यात्रा तय गर्ने गरी आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम तयार पारिएको छ ।

यस वार्षिक नीति तथा कार्यक्रम निर्माणमा आफ्नो रचनात्मक सुझाव, सल्लाह दिनुहुने जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका विषयगत समितिका पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू, विषयगत शाखा प्रमुखहरू, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाजका अगुवा, शिक्षक, बुद्धिजीवी, संघसंस्थाका प्रतिनिधिहरू, समाज रूपान्तरणमा अहम् भूमिका निर्वाह गर्नुहुने सरोकारवाला र आम नौगाडबासी नागरिकहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

**गाउँसभा सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरू, हाम्रो सामु विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर र चुनौती यस प्रकार रहेका छन् ।**

**क) विद्यमान अवसरहरू:**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. अधिकांश वडाहरूमा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७. प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको देथला-धुलिगडा-खार-खलंगा सडकको देथला-खार खण्ड कालो पत्रे बनाउन युद्धस्तर काम हुनु ।

अध्यक्ष
नौगाड गाउँपालिका

## ख) विद्यमान चुनौतीहरूः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३. गुणस्तरीय बीउबिजन समयमा नै उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना , डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो, चटयाङ जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु।

११. बैज्ञानिक, जलवायु अनुकूल, व्यवहारिक तथा उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१३. प्राकृतिक स्रोत तथा नदी जन्य पदार्थ (ढुंगा ,गिट्टी , बालुवा) को मापदण्ड अबलम्बन नगरी अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पुँजीगत सम्पत्ति) को लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१५. वर्षेनी वन क्षेत्रमा आगलागीका घटनालाई रोकथाम गर्नु ।

१६. संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई विनियोजन गरेको अनुदान कटौती हुनु र अनुमान गरेअनुसारको आन्तरिक राजस्व सङ्कलन नहुनु ।

१७. आम नागरिकमा सकारात्मक सोचको विकास गर्नु ।

अध्यक्ष
नौमाड गाउँपालिका

### ग) आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम तयार पार्दा लिइएका मुख्य आधारहरूः

१. नेपालको संविधान २०७२ को प्रस्तावना, मौलिक हक तथा अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

२. नेपालको संविधान २०७२ भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,

३. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

४. संघीय तथा प्रदेश सरकारले अंगीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,

५. प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

६. नेपालले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू,

७. स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू,

८. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,

९. समसामयिक मुद्दाहरू (जस्तैः सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री क्रियाकलाप, पूर्ण सरसफाई, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू)

१०. नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम.

११. संघीय र प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रमहरू,

१२. नौगाड गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरू.

१३. स्वदेशी तथा विदेशी, सरकारी तथा गैरसरकारी दातृ निकायबाट प्राप्त हुने कार्यक्रमहरू,

१४. सरोकारवालाहरूले दिएका महत्त्वपूर्ण सुझावहरू

१५. गाउँपालिकाको प्रथम पञ्च वर्षिय एकीकृत आवधिक विकास योजना

१६. गाउँपालिका राष्ट्रिय महासंघले दिएका सुझावहरू;

अध्यक्ष
नौगाड गाउँपालिका

घ) **नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरू;**

१. आर्थिक विकास क्षेत्र,

२. सामाजिक विकास क्षेत्र,

३. भौतिक पूर्वाधार विकास क्षेत्र,

४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

**ङ) नीति तथा कार्यक्रमका प्राथमिकताहरूः**

१. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी बढ्ने,

२. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,

३. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

४. शैक्षिक गुणस्तरमा सुधार हुने,

५. नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच बृद्धि हुने,

६. स्वच्छ खानेपानी र सरसफाईको सुविधामा पहुँच पुऱ्याउने,

७. पालिकाबासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुऱ्याउने,

८. जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

९. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

१०. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

११. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,

१२. गाउँपालिकाको राजस्व सङ्कलनमा बृद्धि हुने,

१३. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१४. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१५. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने,

१६. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१७. छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,

१८. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

अध्यक्ष
नौमाड गाउँपालिका

**गाउँसभा सदस्यज्यूहरू तथा उपस्थित महानुभावहरू, अब म आ. व. २०८१/८२ को गाउँपालिकाका समष्टिगत नीतिहरू प्रस्तुत गर्दछु ।**

**अ. गाउँपालिकाका समष्टिगत नीतिहरू;**

१. शिक्षा र स्वास्थ्यका क्षेत्रमा गुणात्मक सुधार गर्ने गरी नवप्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै विद्यालयहरूमा राष्ट्रिय मापदण्ड बमोजिम शिक्षक दरबन्दी मिलान गरिनेछ ।

२. स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा सुधार गरी महामारीजन्य रोगहरूको नियन्त्रण तथा आधारभूत स्वास्थ्य सेवालाई पहुँच युक्त, सर्व सुलभ र प्रभावकारी बनाइनेछ । साथै पालिकाको अस्पताललाई आगामी आर्थिक वर्ष बाट थप उपकरण र प्रविधि जडान गरी व्यवस्थित बनाइनेछ ।

३. भौगोलिक विकटता र परनिर्भरतामूखी बजार हाम्रो गाउँपालिकाको चुनौती हो । यसलाई मध्यनजर गर्दै कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरणका लागि समन्वय र सहकार्यको माध्यमबाट संस्थागत संरचना निर्माणमा जोड दिइनेछ र विशेष पकेट क्षेत्र घोषणा मार्फत कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

४. बजेट विनियोजन गर्दा प्राथमिकतामा राखिएका, भुक्तानी बाँकी रहेका र क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. हरेक गरिब तथा विपन्न किसानको घरमा उद्यमशीलता विकास गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै "**एक घर, एक रोजगार**" को नीति लिइनेछ ।

६. गाउँपालिकालाई नमुना गाउँपालिकाको रूपमा स्थापित गर्नका लागि गाउँपालिका भित्रका वस्तिहरूमा विभिन्न साझेदारहरूको सहकार्यमा आवश्यक पूर्वाधार, खानेपानी, घोरेटो वाटो, वृक्षारोपण, जीविकोपार्जन, पूर्ण सरसफाइका क्रियाकलापहरू सञ्चालनमा ल्याइनेछन् ।

७. गाउँपालिका भित्र रहेका विद्यमान रूढिवादी परम्परा, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी व्यवहार, बाल-विवाह, बहुविवाह, महिला हिंसा, किशोरीहरूमा आउने उमेरगत समस्या, किशोरी तथा महिलाहरूमा देखिने समस्याहरूको समाधान गर्न तथा विद्यमान राष्ट्रिय तथा अन्तरराष्ट्रिय नियम कानुन सम्बन्धी जानकारी गराउन नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

अध्यक्ष
नौमाड गाउँपालिका

८. गाउँपालिका भित्र रहेका विद्यमान बेरोजगारी समस्यालाई मध्यनजर गर्दै बेरोजगार युवाहरूका लागि सीप मूलक तालिम मार्फत वैदेशिक रोजगारीलाई निरुत्साहसित हुने किसिमका कार्यक्रम ल्याई रोजगारी सिर्जना गरिनेछ र श्रम सहकारी मार्फत विकास निर्माण कार्य सञ्चालन गरिनेछ ।

९. खोलामा जलविद्युत् र डाँडापाखामा वनजंगल र जडीबुटी उत्पादनको नीति अवलम्बन गरिनेछ । साथै खेती योग्य जमिनमा सिँचाइ सुविधा विस्तारका साथै वन संरक्षण तथा वन क्षेत्र विस्तारका लागि हरेक वर्ष असार महिनामा वृक्षारोपण सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सबै प्रकारका भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइने छ । हरेक गतिविधि तथा क्रियाकलापमा **'फर्केर हेर'** को नीति अवलम्बन गर्दै हरेक कार्यालयमा गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

११. सार्वजनिक निर्माण कार्यमा स्थानीय प्रविधि, जनशक्ति तथा श्रोत साधनको प्रयोगमा उच्च प्राथमिकता दिइनेछ ।

१२. पालिका भित्र निर्मित भौतिक संरचनाको उचित प्रयोग, संरक्षण र सम्वर्द्धनमा सम्बन्धित निकायलाई जिम्मेवार बनाइनेछ ।

१३. विभिन्न किसिमका सामाजिक विकृति विसङ्गति तथा अपराधिक गतिविधिहरूलाई न्यूनीकरण गरी शून्यमा झार्न समाजमा प्रत्यक्ष रूपमा देखिने मद्यपान, धूम्रपान र जुँवातास जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्न कार्यविधि बनाई लागू गरिनेछ ।साथै दुर्व्यसन तथा कुलतबाट छुटाउन र सकारात्मक सोचको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सबै तहका कर्मचारीहरू, शिक्षकहरू, जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई अझ बढी जिम्मेवार र जबाफदेही बनाइनेछ । साथै प्रत्यक्ष रूपमा जनताको गुनासो सुन्न **"अध्यक्ष सँग जनता सञ्चार कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१५. सुनौला हजार दिनका महिलाहरूको स्वास्थ्य अवस्थामा सुधार ल्याउन **"सुत्केरी कोसेली कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१६. समग्र नौगाडवासीहरूको पोषणमा सुधार ल्याउँदै पोषणको कमीबाट हुन सक्ने कुपोषण जस्ता स्वास्थ्य समस्याहरूलाई न्यूनीकरण गर्न **"बहुक्षेत्रीय पोषण कार्यक्रम"**लाई निरन्तरता दिइनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

१७. जलस्रोत, वन सम्पदा, खनिज पदार्थ लगायत प्राकृतिक स्रोतहरूको उपयोग गर्दा वातावरणीय प्रतिकूलता नहुने गरी गरिनेछ ।

१८. गाउँपालिकाको वडा नं. १ नागुमा स्थापित खाद्य डिपोलाई व्यवस्थित गरी अन्य विकट क्षेत्रमा पनि विस्तार गर्न पहल गरिनेछ ।

१९. राजनीतिक आस्थाको आधारमा कुनै पनि नागरिकलाई विभेद नगरी स्थानीय सरकार हरेक जनताको अभिभावकको रूपमा रही काम गर्ने पद्धतिको विकास गरिनेछ ।

२०. ढुङ्गा, गिट्टी र बालुवा उत्खननलाई व्यवस्थित गरी करको दायरा भित्र ल्याइनेछ ।

२१. पालिका भित्र रहेका श्रमिकहरूको वर्गीकरण गरी पालिकामा श्रम बैंकको स्थापना गरिनेछ ।

२२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ र विपद्मा परेका पीडितहरूलाई राहत उपलब्ध गराउँदा एकद्वारा प्रणाली लागू गरिनेछ ।

२३. स्वास्थ्य बिमा कार्यक्रमलाई पालिका भित्र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन पालिकाको आधारभूत अस्पताललाई बिमित अस्पतालमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ ।

२४. गाउँपालिका भित्र सञ्चालित उद्योगहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी रोजगारी सिर्जना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. अन्तर पालिका समन्वय र सहकार्यमा कार्यान्वयन गर्न सकिने आयोजना र परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

२६. फोहोरमैला व्यवस्थापन गर्न सरकारी कार्यालय, विद्यालय र अन्य संघसंस्थाहरूमा जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा सरसफाइ गर्ने नीति लागू गरिनेछ ।

२७. हरेक नागरिकलाई स्वस्थ राख्न गाउँपालिका भित्र म्याद नाघेका खाद्य वस्तु आयात हुन नदिन खाद्य पदार्थको उपभोग अवधि चेक जाँच गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२८. देशको शासन व्यवस्था परिवर्तन खातिर आफ्नो ज्यान आहुति गर्ने शहीदको सम्मान स्वरूप शहीद परिवारलाई आय आर्जनसँग जोड्न **"शहीद परिवार उत्थान कार्यक्रम"** लागू गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

गाउँसभा सदस्यज्यूहरू तथा उपस्थित महानुभावहरू, अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## आ. क्षेत्रगत नीति तथा कार्यक्रमहरू

### १. आर्थिक विकास सम्बन्धी नीतिहरूः

### (क) कृषि तथा पशुपन्छी सम्बन्धी नीति

1. **"एक समूह एक फलफूल पकेट कार्यक्रम"** लागू गर्दै कृषक समूह र विपन्न समुदायलाई अनुदानमा फलफूल बोट वितरण र सो को व्यवस्थापन, प्राविधिक सहयोग र उपलब्धि मापनका लागि अभिलेखीकरणको उचित नीति अवलम्बन गरिनेछ ।
2. व्यावसायिक पशुपालन (नस्ल सुधार र उन्नत जातका पशुपक्षी) र यस क्षेत्रको उपयुक्त कृषिजन्य वस्तुको उत्पादनको सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण तथा व्यवस्थापन केन्द्रको स्थापना गरी स्थानीय स्तरमा स्वरोजगारी प्रवर्द्धन गरिनेछ ।
3. दल्लेखमा निर्माण सम्पन्न कोल्ड स्टोरलाई डाँडाबाघ कृषि समूह मार्फत सञ्चालनमा लाइनेछ ।
4. प्राकृतिक प्रकोपका कारण कृषि तथा पशु पन्छीमा हुने क्षतिको लागि राहत उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
5. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रूपमा विकास गरी उत्पादित वस्तुको बजारीकरणको माध्यमबाट कृषि क्षेत्रलाई स्थानीयवासीको आर्थिक उन्नतिको मुख्य आधारका रूपमा स्थापित

   गरिनेछ ।
6. बाँझो जग्गामा फलफूल, तरकारी खेती गर्न उत्प्रेरित गरिनेछ र सिँचाइ, बीउ बिजनको उपलब्धताका साथै प्राविधिक ज्ञान, सीप र प्रविधिको हस्तान्तरणमा जोड दिइनेछ । व्यावसायिक पशुजन्य उत्पादन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै **"एक कृषक परिवार, एक कम्पोस्ट मल खाडल"** को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
7. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यावसायिक रूपमा समूह मार्फत वार्षिक रू ५,००,०००। (पाँच लाख) भन्दा माथि कारोबार

गर्ने कृषक समूहहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरूवा सहज रूपमा आपूर्ति गर्नका लागि विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वय एवं सहकार्यमा स्थापित उन्नत स्तरको बहुउद्देश्यीय नर्सरीको बृहत्तीकरण र बजारीकरणमा सहयोग गर्ने नीति लिइनेछ।

8. स्थानीय उत्पादनबाट कृषकहरूलाई अधिकतम लाभ पुग्ने गरी जीविकोपार्जनमा सुधार ल्याउन उत्पादित वस्तुको भण्डारण, बजारीकरणका साथै कृषि उपजको सहज आपूर्तिको लागि आवश्यकता अनुसार सङ्कलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्यको सुरूवात गरिनेछ र सो प्रयोजनको लागि निजी क्षेत्र तथा सहकारीहरूलाई छनौट गरी परिचालन गर्न सकिनेछ ।

9. गाउँपालिका भित्रका वडाहरूमा कृषि सम्बन्धी ज्ञान तथा कृषि उत्पादन वृद्धि गर्नका लागि **"एक वडा एक, कृषि प्राविधिक कार्यक्रम"** मार्फत प्रत्येक वडामा कृषकहरूलाई सहज ढंगले घरघरमै कृषि सेवा उपलब्ध गराइने नीतिलाई निरन्तरता दिँदै आवश्यकता अनुसार कृषि प्राविधिक खटाइनेछ ।

10. **"एक वडा, एक पशु प्राविधिक कार्यक्रम"** को माध्यमबाट प्रत्येक वडामा कृषकहरूलाई सहज ढंगले घरघरमै पशु सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिँदै यसका लागि वडाहरूमा आवश्यकता अनुसार पशु प्राविधिक खटाइनेछ ।

11. कृषि तथा पशु क्षेत्रको आधुनिकीकरण र व्यावसायिकरणका लागि थप विज्ञ जनशक्तिको सहयोग लिई विभिन्न उत्पादनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

12. कृषि क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रूपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक वृद्धिको आधारलाई बलियो बनाइनेछ । सिँचाई, ऊर्जा, वन, पर्यटन लगायतका क्षेत्रको कार्य गर्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा योगदान पुग्ने गरी सामञ्जस्यता कायम गरिनेछ ।

13. बेमौसमी तरकारी खेतीलाई थप प्रोत्साहित गरिनेछ र खेती योग्य जमिनका लागि थप नहर सिँचाई तथा पाइप सिँचाइ गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

14. कृषकको संरक्षण गर्नुका साथै कृषकले उत्पादन गरेको कृषि उपज खरीद गर्ने व्यवस्था मिलाइनेछ। उत्पादनका आधारमा कृषि अनुदान प्रवाह गर्ने व्यवस्था गरिनेछ । बारम्बार पशुपन्छीमा देखिने खोरेत, लम्पि स्किन जस्ता गम्भीर प्रकृतिका महामारीहरू नियन्त्रण गर्न आवश्यक औषधी उपकरण तथा भ्याक्सीनको व्यवस्थापन गरिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

15. हरेक बस्तीमा भैंसी, उन्नत गाई, तथा भेडाबाख्रा, कुखुरा, खरायो पालन कार्यक्रमलाई प्रभावकारी तथा व्यावसायिक रूपमा सञ्चालनमा ल्याइनेछ । कृषि व्यवसायको लागि अनुदान दिने नीतिलाई निरुत्साहित गर्दै व्यवसाय प्रवर्द्धनको लागि अनुदान दिने नीति अवलम्बन गरिनेछ । कृषि व्यवसायमा उत्कृष्ट उत्पादन गर्ने कृषकलाई सम्मानित तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।
16. कृषि बालीमा प्राङ्गारिक तथा कम्पोस्ट मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइनेछ ।
17. कृषिको लागि आवश्यक पर्ने उन्नत जातका बीउ बिजन र कृषिजन्य औजारहरू सर्व सुलभ तथा अनुदानमा उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ ।
18. हरेक वडामा कृषक पाठशाला सञ्चालन गरिनेछ।
19. माटो परीक्षण गरी सुहाउँदो बाली लगाउन नयाँ तथा उन्नत बीउ बिजन उपलब्ध गरिनेछ ।
20. नगदे बाली उत्पादन गर्ने हरेक किसानलाई सहकारी मार्फत कृषि ऋणको व्यवस्था गरिनेछ ।
21. कृषि व्यवसायलाई प्रवर्द्धन गर्न पालिकास्तरमा **"कृषक कोसेली घर"** स्थापना गरिनेछ ।
22. पालिका स्तरमा बिउँ बैंकको स्थापना गरी स्थानीय स्तरमा उत्पादित बिउँहरू किसानलाई समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
23. कृषि उत्पादनलाई वृद्धि गर्न **"माटो सुहाउँदो वालि, वालि सुहाउँदो प्रविधि"** कार्यक्रम लागू गरिनेछ ।
24. कृषि पेशालाई थप आकर्षक र उत्पादनमूलक बनाउन कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गरिनुका साथै कृषि सम्बन्धी औजार तथा मेसिन खरिद गर्न अनुदानको व्यवस्था गरिनेछ ।
25. पशु स्वास्थ्य सुधारका लागि पालिकास्तरमा भेटेरिनरी ल्याब सञ्चालन गरिनेछ ।
26. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
27. कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन गरी अद्यावधिक गरिनेछ ।
28. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि विकास कार्यक्रमलाई निरन्तरता दिंदै नयाँ स्याउ/ओखर पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
29. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
30. उन्नत जातका पशुहरूमा कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

अध्यक्ष
नौगाड गाउँपालिका

31. पशुपक्षी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण र इपिडीमियोलोजिकल कार्यलाई निरन्तरता दिँदै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

32. पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्याङ्क तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरूको प्रगति प्रतिवेदन समयमा नै पठाउने व्यवस्था मिलाइनेछ ।

33. खाद्य सुरक्षा सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

34. कृषिजन्य उत्पादनसँग सम्बन्धित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ ।

35. पढ्दै कमाउँदै कृषि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

36. कृषिमा नविनतम प्रविधि प्रयोग तथा विस्तारका लागि कृषकबाट कृषकलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका लागि सिकाई आदान प्रदान कार्यक्रम आयोजना गर्ने नीति अवलम्बन गरिनेछ ।

37. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत आ.व. २०७९।८० बाट सञ्चालित **"युवा उद्यमशिलता तथा कृषि व्यवसाय प्रवर्द्धन परियोजना"** लाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न संचालित क्रियाकलापहरूको संस्थागत विकास मार्फत व्यवसाय प्रवर्द्धन गरी युवा उद्यमी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

38. कृषि पेशमा युवाहरूको आकर्षण बढाउन २० वर्ष देखि ४० वर्ष भित्रका युवाहरूका लागि विशेष तालिम तथा आधुनिक कृषि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

39. व्यावसायिक तरकारी उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

40. प्रदेश सरकारको सहयोगमा सञ्चालित **"भेडा बाखा पालन कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

**(ख) सहकारी तथा सामुदायिक संस्था सम्बन्धी नीतिः**

1. स्थानीय बचतलाई प्रोत्साहन गरी लगानी तथा कार्यक्षेत्र विस्तार गर्न गाउँघरमा सहकारी संस्थाको स्थापना र क्षमता विकास गरी वित्तीय संस्थाहरूसँगको समन्वयमा कार्यक्षेत्र विस्तार गरिनेछ ।

2. दिगो विकासको लक्ष्य **(Sustainable Development Goal)** को अवधारणा अनुरूप स्थानीय तहमा रहेका विभिन्न स्वायत्त संस्था र समूहको (लघु जल विद्युत् संस्था, सामुदायिक वन उपभोक्ता समिति, खा.पा. उपभोक्ता समिति, सहकारी संस्था आदि) संस्थागत विकास र क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

3. सहकारी संस्था ऐन, नियमावली र कार्यविधि अनुसार सहकारी संस्था खोल्ने, एकीकरण गर्ने र संस्था स्थापना भई संस्थाको उद्देश्य अनुसार प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसकेका सहकारी संस्था विघटन गरी उद्देश्य र प्रकृति मिलेका सहकारी संस्थासँग नियमानुसार एकीकरण गर्ने नीति अवलम्बन

गरिनेछ ।

4. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको नियमन, अनुगमन तथा प्रभावकारी रूपमा सञ्चालनको माध्यमबाट स्थानीय समुदायमा छरिएर रहेको पूँजीको सङ्कलन, व्यवस्थापन तथा परिचालनका लागि सहकारी संस्थाको क्षमता विकास गर्न नियमित रूपमा अनुगमन, मूल्याङ्कन, वित्तीय साक्षरता अभियान, तालिम, समीक्षा गोष्ठी आयोजना गरिनेछ । साथै पालिका भित्र सञ्चालित सहकारी संस्थाको प्रभावकारिताको मूल्याङ्कन गरी सोको अभिलेखीकरण गर्ने पद्धतिको थालनी गरिनेछ ।

5. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ । सहकारी संघ संस्थाको अनुगमन र संस्थागत सुशासन प्रवर्द्धन गर्न नियमनकारी निकायलाई अधिकार सम्पन्न र सुदृढ बनाइनेछ ।

6. विगतमा गरिबी निवारण कोष, केयर नेपाल लगायतका संस्था तथा कार्यक्रमहरूबाट सामुदायिक संस्थाहरूमा **घुम्ती कोष**को रूपमा उपलब्ध गरिएको रकमलाई सङ्कलन गर्न जिल्ला समन्वय समितिको कार्यालय र समाज कल्याण समाज संस्थासँग समन्वय गरिनेछ । उक्त कोषको सङ्कलन गरी नजिकको सहकारी मार्फत बेरोजगार युवाहरूलाई व्यवसायसँग जोड्न ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

**(ग) उद्यमशीलता प्रवर्द्धन तथा रोजगार सृजना सम्बन्धी नीति;**

1. स्थानीय तथा घरेलु स्रोत साधनमा आधारित घरेलु तथा लघु उद्योग स्थापना एवम् सञ्चालनका लागि आवश्यक व्यवस्था गरी लक्षित व्यक्ति तथा समूहलाई अनुदान उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

2. गाउँपालिका स्तरमा उपलब्ध बहुमूल्य जडीबुटीको समुचित उपयोग मार्फत छरिएर रहेका स-साना उद्योगहरूलाई एकीकृत गरी गाउँपालिकालाई आत्मनिर्भर तथा रोजगार उन्मुख तुल्याउन गाउँपालिका स्तरमा निर्माणाधीन औद्योगिक ग्राम निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

3. गाउँपालिका भित्र रहेका उद्योगी, व्यवसायीहरूको हकहित संरक्षणको लागि संगठन स्थापना गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

4. परम्परा देखि नै चल्दै आएका स्थानीय घरेलु उद्योग (बाँस, निगालो, आरन, अल्लो प्रशोधन, आदी) लाई स्तर उन्नति, आधुनिकीकरण तथा व्यावसायिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

5. नवप्रवर्तनमा आधारित व्यवसाय स्थापना र सञ्चालनमा सहजिकरण गरिनेछ । उद्यमशिलता, सिर्जनशीलता, परम्परागत ज्ञान र सीपको विकास गरी युवा उद्यमीलाई गाउँ स्तर मै उद्यम गर्न आकर्षित गरिनेछ ।

6. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत आर्थिक वर्ष २०७९।०८० मा ६ वटै वडाहरूमा निर्माण गरिएका आधुनिक अल्लो प्रशोधन केन्द्रहरूको दिगो सञ्चालन तथा व्यवस्थापन गरी अल्लोको धागो उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

7. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालन भएको युवा उद्यमशीलता तथा मौरीपालन व्यवसाय प्रवर्द्धन परियोजनाबाट ज्ञान, सीप र दक्षता हासिल गरेका कृषकहरूको दक्षता प्रयोग गरी नयाँ उद्यमी तथा व्यवसायी सिर्जना गर्न कृषकबाट कृषक प्रशिक्षण कार्यक्रम लागू गरी कृषकलाई व्यवसायी हुन प्रोत्साहन गरिनेछ ।

8. आवश्यकता तथा मागको आधारमा गाउँपालिका भित्र विभिन्न किसिमका उद्योगको सम्भावना अध्ययन गरी सञ्चालन गरिनेछ।

9. व्यापार व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न हरेक प्रकारका व्यापारिक कारोबारलाई गाउँपालिकामा दर्ता गरी अभिलेख कायम गरेर मात्र सञ्चालन गर्न पाउने नीति लिइनेछ ।

10. उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि सामूहिक प्रविधि हस्तान्तरण गरिनेछ ।

11. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नतिको लागि तालिम सञ्चालन गरिनुसाथै लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

12. सशस्त्र संघर्ष (जनयुद्ध) का क्रममा शहिद तथा बेपत्ता भएका, जेल जीवन बिताएका परिवारहरूको लागि रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

13. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग (केतुकी, सिस्नु आदी) सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**(घ) पर्यटन तथा संस्कृति सम्बन्धी नीतिः**

1. गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय र ऐतिहासिक स्थलहरू मध्येबाट नौगाड गाउँपालिका वडा नं २ स्थित छिपुलथान डाइभरसिटी पार्कलाई व्यवस्थित गरिनेछ । साथै नेपालकै धार्मिक स्थलको रूपमा परिचित गाउँपालिकाको वडा नं १ मा रहेको नागेश्वर धामलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा र गाउँपालिकाको वडा नं ३ मा रहेको ताराकोट, वडा न. ४ मा रहेको सिप्टी विनायक डाँडा र वडा न. ६ को शिखर क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।
2. गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न देथला-धुलिगडा-खार-खलंगा सडक खण्ड कालोपत्रेको काम यथाशीघ्र सम्पन्न गर्न पहल कदमी गरिनेछ । प्रत्येक वडा कार्यालयहरू जोड्ने सडकहरू समयमा नै सम्पन्न गरी पर्यटकीय क्षेत्र सम्म जोड्ने सडक तथा पद मार्गहरू लगायत अन्य आवश्यक संरचनाहरू निर्माण गरिनेछ ।
3. गाउँपालिकाको विभिन्न स्थान मनाइने विषु पर्वलाई व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ ।
4. गाउँपालिकामा विभिन्न समुदायको भेष भूषा, परम्परा तथा संस्कृति झल्किने सङ्ग्रहालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
5. गाउँपालिकामा सांस्कृतिक कला केन्द्रको स्थापना गरी स्थानीय कलाकारहरूको क्षमता विकास गरिनेछ ।

(ङ) **युवा, श्रम तथा रोजगारी सम्बन्धी नीति;**

1. श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ । नौगाडको श्रमशक्तिलाई पालिका भित्र नै रोजगारीका अवसर उपलब्ध गराउने नीति लिइनेछ । सार्वजनिक तथा निजी क्षेत्रका कार्यक्रममा रोजगारी सिर्जना गर्न प्रेरित गरिनेछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध रोजगारीका अवसर सम्बन्धी सीप तथा रोजगारको तथ्याङ्क तयार पारिनेछ ।
2. प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि तथा पशु शाखा अन्तर्गतका कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूको सहकार्यमा रोजगारी सिर्जना हुने, सीप विकास, उत्पादनमूखी, स्वरोजगारमूलक तथा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी बेरोजगारीलाई न्यूनिकरण गर्दै लगिनेछ ।
3. आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरूको समुचित विकास गर्न गाउँपालिकाको पाचँवर्षे रोजगार रणनीति लागू गरिनेछ ।
4. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न न्यूनतम रोजगारीको प्रत्याभूति हुनेगरी सामुदायिक आयोजनाहरूमा पालिकाको लागत साझेदारीमा रोजगारी प्रवर्द्धनात्मक गर्ने खालका क्रियाकलाप र भौतिक पुर्वाधार बिकास निर्माण कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
5. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यमा सम्भव भए सम्म स्थानीय जनशक्तिको प्रयोग गर्ने नीति अवलम्बन गर्दै आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाई बाल श्रम मुक्त पालिका घोषणा गरिनेछ ।
6. नविनतम व्यवसायलाई प्रोत्साहन गर्दै युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् र नविनतम व्यवसाय गर्ने युवाहरूलाई कार्यविधि वनाई नवप्रवर्तनकारी व्यवसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।
7. कामको अनुभवबाट सीप प्राप्त भएका व्यक्तिहरूलाई पूर्व सिकाईको मान्यता बिधि मार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रमाणपत्र उपलब्ध गराउन पहल गरिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

8. गाउँपालिकामा स्थापना गरिएको सीप बिकास तालिम केन्द्रलाई व्यवस्थित तथा प्रभावकारी बनाई एकिकृत तथा एकद्वार प्रणालीबाट तालिम प्रदान गर्ने पद्धतिको विकास गरी दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

9. वैदेशिक रोजगारबाट फर्केका र अन्य बेरोजगार युवा श्रमिकहरूको विवरण प्रत्येक वडा कार्यालयहरू मार्फत सङ्कलन गरी पालिकामा श्रमिक बैङ्क स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

10. श्रम स्वीकृती तथा पुन श्रम :स्वीकृती आवेदनलाई सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्दढिकरण गरिनुका साथै वैदेशिक रोजगारीका अवसरहरू प्राप्त गर्न सहजिकरण गरिनेछ ।

11. आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरूको समुचित विकास गर्न पाचँवर्षे रोजगार रणनीतिलाई व्यवस्थित तथा समयानुकूल बनाइनेछ ।

12. न्यूनतम रोजगारीको प्रत्याभूति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी कार्यान्वयनका लागि सामुदायिक आयोजनाहरुमा पालिकाको लागत साझेदारी गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी  रोजगारीको प्रवर्द्धन मार्फत भौतिक पुर्वाधारको विकास गरिनेछ।

13. स्थानीय स्तरमा रोजगारीकको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने नीति लिईनेछ।

14. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरलशुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान , लाई सुद्दढिकरण गरिनुक साथसाथै वैदेशिक रोजगगर्न रोजगार सेवा केन्द्ारीका अवसरहरू प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ।

15. गाउँपालिकाको मुख्य सडक वर्थिङ /स्वास्थ्य चौकी/अस्पताल ,बाट विद्यालय (सहायक राजमार्ग) टोलब ,आर्यघाट ,मठमन्दिर ,सेन्टरस्ती तथा पर्यटकीय क्षेत्र जाने घोरेटो बाटाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र पालिकाको लागत साझेदारीमा क्रमशः स्तरोन्नति गर्दै लगिनेछ ।

16. प्रधानमन्त्री  रोजगार कार्यक्रममा श्रमिक छनोट प्रक्रियालाई नियमसंगतविभेदरहित तथा ,स्पष्ट , कार्यविधि अनुरूप वास्तविक बेरोजगार छनोट गर्ने व्यवस्था मिलाइनेछ।

अध्यक्ष
नौगाड गाउँपालिका

17. सबै प्रकारका बालश्रम अन्त्य गर्न टोल तथा विद्यालयमा बालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाई बालश्रममुक्त घोषणा गरिनेछ।

**२. सामाजिक विकास सम्बन्धी नीतिहरू:**

**(क) शिक्षा तथा खेलकूद सम्बन्धी नीति;**

1. नेपाल सरकारको "**बालबालिकालाई विद्यालय ल्याउँ, टिकाउँ र सिकाउँ**" अभियानलाई आत्मसाथ गर्दै गाउँपालिकाका विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउन भर्ना अभियान सञ्चालन गरिनेछ ।
2. गुणस्तरीय, अनिवार्य तथा निःशुल्क शिक्षाका लागि सबै सार्वजनिक विद्यालयहरूमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ । विज्ञान, गणित, अंग्रेजी र अन्य प्राविधिक शिक्षकको अभाव नहुने गरी सामुदायिक विद्यालयमा दरबन्दी मिलान गरिनेछ ।
3. शिक्षा क्षेत्रमा आमूल परिवर्तन गरी गुणस्तरीय शिक्षा हासिल गर्न कक्षा १ देखि ५ सम्म विषयगत कक्षा सञ्चालन र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी कायम गरी प्रत्येक वडाका माध्यमिक तहका विद्यालयहरू मध्ये एक/एक वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा छनौट गरी **"शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागू गरिनेछ ।
4. सामुदायिक ग्रामिण विकास समाज नेपालको सहयोगमा सञ्चालन भईरहेको प्रारम्भिक तह पढाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
5. शिक्षक तथा कर्मचारीहरूको पेशागत सीप विकासको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
6. कक्षा (०-१२) को शिक्षालाई पूर्ण रूपमा निःशुल्क गर्दै लगिनेछ साथै आवश्यकता, माग र क्षमताको आधारमा अंग्रेजी माध्यममा शिक्षण गर्न अनुमति दिइनेछ ।
7. गाउँपालिका भित्र रहेका गरिब, टुहुरा तथा असहाय बालबालिकालाई शिक्षा दिन सहयोगी संघसंस्था उपलब्ध भएमा उक्त संस्थालाई अनुदान समेत दिने नीति अवलम्बन गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

८. गरिब, टुहुरा, असहाय, जनयुद्ध तथा जनआन्दोलनका शहीद परिवार, द्वन्द्व पीडित घाइते तथा अपाङ्ग परिवारका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा अनिवार्य रूपमा हासिल गर्न गाउँपालिकाबाट आवश्यक सहयोग गरिनेछ ।

९. गाउँपालिकामा कम्तीमा एउटा उच्च तहको प्राविधिक शिक्षालय र एउटा क्याम्पस स्थापना गर्न पहल गरिनेछ ।

१०. गाउँपालिकाको स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक लेखन तथा छपाई कार्य गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै माध्यमिक तहका हरेक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयमा दरबन्दी मिलान गरी गा.पा. करार दरबन्दी व्यवस्थापन गरिनेछ ।

११. विद्यालयमा शिशुको सङ्ख्याको आधारमा बाल विकास कक्षा थप गरिनेछ ।

१२. दलित, महिला, विपन्न तथा जेहनदार बालबालिकाहरूलाई प्राविधिक धारको उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने नीति लिइनेछ ।

१३. विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रशासनिक र दिवा खाजा व्यवस्थापन अनुदान दिइनेछ ।

१४. विद्यालयहरूमा रहेको विद्यार्थी सङ्ख्याको आधारमा दिवा खाजा व्यवस्थापनका लागि भान्छेको व्यवस्था गरिनेछ ।

१५. शिक्षाको गुणस्तर अभिबृद्धि गर्न विद्यालयको प्रधानाध्यापकलाई बढी जिम्मेवार बनाइनेछ । साथै उत्कृष्ट विद्यालय र प्र.अ. छनौट गरी पुरस्कृत गर्ने नीति लिइनेछ ।

१६. कक्षागत, विषयगत र विद्यालयगत सिकाई उपलब्धिलाई विश्लेषण गरी बृहत शैक्षिक योजना तयार पारी सिकाइ उपलब्धिलाई बृद्धि गर्दै लगिनेछ ।

१७. दिगो विकासको लक्ष हासिल गर्न नेपाल सरकारले लागू गरेको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि २०७५ अनुसार विद्यालय स्तरीय वास सुविधा विस्तार गरी तीन तारे विद्यालयमा स्तरोन्नती गरिनेछ र तीन तारे घोषणा भएका विद्यालयको सुविधा स्तर कायम राख्न निरन्तर अनुगमन र मूल्याङ्कन गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

18. विद्यालय तहको शिक्षा उत्तीर्ण गरी माथिल्लो तहको प्राविधिक शिक्षा (इन्जिनियरिङ, वन विज्ञान, कृषि विज्ञान, चिकित्सा शिक्षा, आदि) अध्ययन गर्न चाहने गरिब, विपन्न तथा शहीद परिवारका विद्यार्थीलाई आर्थिक सहायता दिने नीति लिइनेछ ।

19. नियमित रूपमा विद्यालयमा उपस्थित हुने र सिकाइ उपलब्धि उच्च भएका विषयगत, तहगत र लैंगिक रूपमा उत्कृष्ट शिक्षक छनौट गरी हरेक वर्ष पुरस्कृत तथा सम्मान गर्ने नीति लिइनेछ ।

20. शिक्षकहरूको अध्ययनशीलता, लगनशीलता, कर्तव्य निष्ठा, विषयवस्तुको ज्ञान तथा दक्षताको परीक्षण गर्न आर्थिक वर्ष २०७९।८० देखि शुरूवात गरिएको शिक्षक प्रतियोगिता (Teacher Quiz) लाई अझ प्रभावकारी बनाइनेछ ।

21. शिक्षाको आमूल परिवर्तन र विकास गर्न गाउँ शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ । शिक्षा क्षेत्रमा व्यापक सुधार गरी गुणस्तरीयता प्राप्त गर्न अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाइनेछ । साथै उच्चतम तहका शिक्षक समेत रहेको अनुगमन समिति गठन गरिनेछ ।

22. हरेक विद्यालयले पालिका र जिल्ला स्तरीय रूपमा सञ्चालन हुने प्रतियोगितात्मक क्रियाकलापहरूमा अनिवार्य सहभागी हुनुपर्ने नीति लिइनेछ र यसलाई मूल्याङ्कनको आधार बनाइनेछ ।

23. विद्यालयका शिक्षक कर्मचारीहरूलाई ऐन, नियमले कुनै समिति वा संस्थाको पदमा बस्न पाउने व्यवस्था भएकोमा बाहेक समुदायका अन्य कुनै पनि समिति वा संस्थाको पदमा रहेर काम गर्न नपाउने

नीति लिइनेछ ।

24. नमुना विद्यालयलाई श्रोत विद्यालयको रूपमा विकास गरी अनुभव आदान प्रदानका लागि अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाइनेछ ।

25. पालिका र वडा स्तरमा पुस्तकालयको स्थापना गरिनेछ र हरेक जिम्मेवार व्यक्तिबाट एउटा पुस्तक सहयोग स्वरूप सङ्कलन गरी पुस्तकालयमा राखिनेछ ।

26. पालिकाको शैक्षिक गुणस्तरमा सुधार गर्न विषयगत शैक्षिक उपलब्धिको आधारमा अन्तर विद्यालय सरूवा गर्ने नियमलाई कार्यान्वयनमा ल्याउन सुरुवात गरिनेछ र विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूलाई समायोजन गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

27. विद्यालय क्षेत्र सुधार योजना अन्तर्गतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

28. विगत देखि शिक्षा विकास तथा समन्वय एकाई मार्फत सञ्चालनमा रहेको विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्ष देखि पालिका मार्फत व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । साथै दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा विद्यालयलाई पूर्ण सरसफाइ क्षेत्र बनाउन खानेपानी व्यवस्थापन, बाल मैत्री धारा, शौचालय, भान्छा, पर्खाल, खाडल, भकारी निर्माण तथा मर्मत सम्भार कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

29. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक र जिल्ला स्तरीय प्रतियोगिताहरूमा पदक जित्ने खेलाडीहरूलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुको ज्ञान, सीप र अनुभवको सदुपयोग गरिनेछ ।

30. नागरिकहरूमा सकारात्मक सोचको विकास गराउन जीवन रूपान्तरण सम्बन्धी अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

31. गाउँपालिका तथा वडा स्तरमा खेल मैदान निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग पहल, सहकार्य तथा समन्वय गरिनेछ ।

32. विद्यालयमा एकजना खेल प्रशिक्षकको व्यवस्था गरिनेछ ।

33. गाउँपालिका स्तरीय खेलकूद समिति गठनको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**(ख) स्वास्थ्य सम्बन्धी नीति;**

1. सुत्केरी र नवजात शिशुको जीवन रक्षा तथा सुरक्षित प्रसूतिका लागि गाउँपालिकाका ६ वटै वडाहरूमा स्थापित प्रसूति गृहहरूको स्तरोन्नती गर्दै वडा नं. १ को नागु, वडा नं. ६ को गडिगाड र रैचुमा थप सुरक्षित प्रसुति गृह व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ ।

2. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम् सेविकाहरूले पुऱ्याएको योगदानको कदर गर्दै विगत देखि दिँदै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

3. सम्पूर्ण सार्वजनिक स्थल र सवारी साधनहरूमा धूम्रपान र मदिरा सेवन निषेध गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

4. स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ केन्द्र तथा क्लिनिकहरूमा वर्षभरि निःशुल्क भनी तोकिएका औषधी उपलब्धताको सुनिश्चितता गरिनेछ । आवश्यक भौतिक पूर्वाधार, उपकरणको पर्याप्त उपलब्धता सुनिश्चित गरिनेछ।
5. गाउँपालिकालाई घोषणा गरिएको पूर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई निरन्तरता दिइनेछ ।
6. दीर्घ रोगी नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी औषधीको बिल रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
7. गाउँपालिकाका विकट टोलहरूमा सामुदायिक स्वास्थ्य इकाईको स्थापना गर्ने नीतिलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा वडा नं. ६ को खाली डाँडामा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिनेछ ।
8. बिरामीहरूलाई थप उपचारको लागि सहयोग गर्न एम्बुलेन्सलाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ।
9. गाउँपालिकामा रहेको पूरानो एम्बुलेन्सको प्राविधिक मूल्याङ्कन गरी सम्भव देखिएमा मर्मत गरी सञ्चालनमा ल्याइनेछ ।
10. गाउँपालिकाको आधारभूत अस्पतालमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने ।
11. गर्भवती महिलालाई चेक जाँच गर्न चालू अवस्थामा रहेको अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी बनाइनेछ।
12. गरिब तथा अशक्त नागरिकहरूलाई स्वास्थ्य उपचारमा दिँदै आएको **"आर्थिक सहायता कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।
13. आङ खसेका महिलाहरूको यथार्थ विवरण सङ्कलन गरी निःशुल्क रूपमा शल्यक्रियाको प्रबन्ध मिलाइनेछ ।
14. **"घर दैलोमा स्वास्थ्य सेवा"** भन्ने नाराका साथ जेष्ठ नागरिक, अपाङ्गता भएका, गर्भवती महिला र बालबालिकाहरूलाई टोलमै पुगेर स्वास्थ्य जाँच तथा औषधि उपचारको व्यवस्था मिलाइनेछ ।
15. नेपाल सरकारले निःशुल्क उपलब्ध गराउनु पर्ने औषधीहरू र अत्यावश्यक अन्य औषधीहरूको अभाव नहुने गरी व्यवस्थापन गरिनेछ ।

16. स्वैच्छिक सुरक्षित गर्भपतन सेवालाई थप प्रभावकारी बनाउँदै आधारभुत अस्पताल लगायतका अन्य स्वास्थ्य संस्थाहरूमा सुरक्षित गर्भपतन सेवा बिस्तार गरिनेछ ।

17. गाउँपालिकाको आधारभूत अस्पताल भित्र सञ्चालित फार्मेसीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

18. धुवा जन्य रोग तथा धुवाको कारण आउने स्वास्थ्य समस्यालाई न्यूनिकरण गर्न एक घर एक छुट्टै भान्सा निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

19. गाउँपालिकामा सञ्चालनमा रहेको बहुक्षेत्रीय पोषण तथा अन्य स्वास्थ्य सरसफाई तथा पोषणका क्षेत्रका कार्यक्रमलाई निरन्तरता दिन सम्बन्धित निकायमा पहल गरिनेछ ।

20. पालिकाका विभिन्न स्वास्थ्य संस्थामा सञ्चालित प्रयोगशालाहरूको सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

21. कोरोना भाइरस (COVID-19) जस्ता महामारीबाट बच्न सुरक्षात्मक तथा निरोधात्मक क्रियाकलापहरूलाई निरन्तरता दिँदै थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

22. प्रत्येक आर्थिक वर्ष भित्र कार्यसम्पादनका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मी छनौट गरी पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ ।

23. मद्यपान तथा सुर्तिजन्य पदार्थ सेवनको कुलतबाट नागरिकहरूलाई मुक्त गर्न प्रभावकारी रूपमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

24. खोप भण्डारणको दिगो व्यवस्थापन गर्न पालिका स्तरमा खोप चिस्यान केन्द्र (Cold Chain) स्थापना गरिनेछ ।

25. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ लाई कार्यान्वयन गर्न स्वास्थ्य संस्थाहरूमा आवश्यक मापदण्ड पुरा गरिनेछ ।

26. गाउँपालिकाको जनस्वास्थ्य ऐन निर्माण गरी आगामी आर्थिक वर्ष बाट कार्यान्वयनमा ल्याइनेछ ।

27. नेपाल सरकारको सम्बन्धित निकाय वा स्वास्थ्य संस्थाद्वारा प्रमाणित भई आएका गरिब असहाय तथा दीर्घरोगका बिरामीहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

## (ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति;

1. नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरूको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक र पारदर्शी रूपमा सेवा प्रदान गर्न पालिका स्तरमा स्थापना भएको खानेपानी, सरसफाई स्वच्छता (वास) व्यवस्थापन बोर्ड र सो मातहत रहेका खानेपानी सरसफाइ तथा स्वच्छता इकाइ (वास युनिट) मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरूको मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।
2. गाउँपालिकाले तयार पारेको सरसफाई योजना (Wash Plan) लाई समीक्षा तथा अद्यावधिक गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरूको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरूलाई गाउँपालिकाको जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
3. नेपाल सरकारको पूर्ण सरसफाई निर्देशिका, २०७५ र गाउँपालिकाको पूर्ण सरसफाई कार्यविधि, २०७८ बमोजिम गाउँपालिकाका वस्तिहरूलाई क्रमशः पूर्ण सरसफाई युक्त टोल घोषणा गर्दै गाउँपालिकालाई पूर्ण सरसफाई युक्त घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाई उन्मुख तथा विद्यालयहरूलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरूबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरूबाट उत्पन्न हुन सक्ने महामारीहरूबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।
4. विद्यालय खानेपानी सरसफाई तथा पोषण, खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यावसायिक जीविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

5. पालिकाबासीलाई स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याउन **"एक घर, एक धारा"** कार्यक्रमलाई प्रभावकारी व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**(घ) लैंगिक समानता र समावेशीकरण**

1. गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका असहाय टुहुरा बालबालिकाहरूलाई विद्यालय शिक्षा हासिल गर्दा सम्म आर्थिक सहयोग गर्ने नीति लिईनेछ ।
2. गाउँपालिका भित्रका हरेक सरकारी र अन्य सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूमा लैंगिक र अपाङ्गमैत्री शौचालय निर्माण गर्न सहयोग पुऱ्याईनेछ ।
3. गाउँपालिका भित्र रहेका 'क' वर्गका अपाङ्गता भएका घरपरिवारलाई अपाङ्गमैत्री शौचालय र खानेपानी व्यवस्था गर्न विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
4. महिला, अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति लगायत लक्षित वर्गलाई मूलप्रवाहिकरण गर्न सशक्तिकरण एवम् सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
5. मानव बेचविखन, घरेलु हिंसा, छाउपडी, जातीय भेदभाव तथा छुवाछूत जस्ता समाजिक कुरीति, कु-संस्कार र अन्धविश्वासलाई अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
6. गाउँपालिका स्तरीय विकास, भौतिक संरचना निर्माण तथा भवन निर्माण गर्दा अपाङ्ग तथा बालबालिका मैत्री साथै भूकम्प प्रतिरोधी तथा वातावरण मैत्री हुने गरी निर्माण गरिनेछ ।
7. सबै खालका बाल श्रम उन्मूलन गर्न शून्य बाल श्रमको नीति अङ्गीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
8. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक, एकल महिला, एकल पुरुष, असहाय अनाथ तथा वृद्धवृद्धा र अपाङ्गता भएका, शहीद परिवार, द्वन्द्व पीडित, घाइते तथा बेपत्ता परिवारका व्यक्तिहरूको सशक्तिकरण र मूलप्रवाहीकरण गर्न अपाङ्गमैत्री संरचना निर्माण, आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसँगको साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।
9. महिला तथा किशोरीहरूको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानिकारक अभ्यासहरूको

अध्यक्ष
नौमाड गाउँपालिका

निर्मूल गरी महिला र किशोरीहरूको आत्मसम्मानको रक्षा गर्न विभिन्न सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

10. बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य, शिक्षा र पोषणमा सबैको पहुँच अभिवृद्धि गरिनेछ । हिंसामा परेका, विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ बालबालिकाहरूको संरक्षणका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग समन्वय, सहकार्य गरी व्यवस्थापन गरिनेछ ।
11. महिला हिंसा न्यूनिकरण गर्न अन्तर क्रियात्मक तथा सहभागितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
12. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकको अधिकार संरक्षण, हित संरक्षण र कल्याणकारी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
13. महिला, बालबालिका तथा हिंसा पीडित व्यक्तिहरूको उद्धार तथा सहजीकरण गर्ने संघसंस्थाहरूलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
14. पछाडी पारिएका वर्ग, जाति तथा लिङ्गको उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
15. गाउँपालिका अन्तर्गत निर्माण गरिने श्रम सहकारी लगायत समुदाय, वडा स्तरमा गठन गरिने विभिन्न समितिहरूमा महिला, दलितको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
16. गाउँपालिका भित्रका 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपमा टेवा पुऱ्याउने कार्यक्रमहरू संचालन गर्ने नीति लिइनेछ ।
17. हिंसा पीडित महिलाहरूका लागि सुरक्षित आवास गृह सञ्चालन गरिनेछ ।
18. गाउँपालिका र मातहतका वडा कार्यालयहरूमा स्तनपान कक्षको स्थापना गरिनेछ ।
19. ६० वर्ष देखि ६८ वर्ष उमेर समूहका एकल पुरुषहरूलाई आर्थिक वर्ष २०७९।८० बाट दिंइदै आएको एकल पुरुष भत्तालाई निरन्तरता दिइनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

20. ३५ वर्ष भन्दा माथिका कुनै पनि सामाजिक सुरक्षा भत्ता नपाउने एकल महिला (अविवाहित, अदालतबाट सम्बन्ध विच्छेद भई अर्को विवाह नगरी छुट्टै बसेका) लाई आर्थिक वर्ष २०७९।८० बाट दिँइदै आएको एकल महिला भत्तालाई निरन्तरता दिइनेछ ।

21. आगामी आर्थिक वर्षमा गाउँपालिकालाई बाल विवाह मुक्त घोषणा गर्न आवश्यक प्रक्रिया पूरा गरिनेछ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीतिहरू;

### (क) स्थानीय सडक, यातायात तथा पुल सम्बन्धी नीति;

1. गाउँपालिकाका वडा केन्द्रहरू सम्म स्तरीय सडक निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।
2. देथला-धुलिगडा-खार-खलंगा सडक खण्ड अन्तर्गत गुन्ढाडु खोला र खार खोला तथा अन्य बस्तीहरू जोड्ने नौगाड खोला, होपरी खोला लगायतका खोलाहरूमा पक्की तथा मोटरेबल पुलहरू निर्माणका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
3. हरेक वडा भित्र बन्ने सडकहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन गरी स्तरीय रूपमा अगाडि बढाइनुका साथै हरेक सडकलाई हरित सडकको रूपमा विकास गरिनेछ ।
4. सुकेखोला पन्ढुङ्गा सडक, खेडा-धुलिगडा-एगरभगे सडक र बरभगे मल्ला रैचु सडकको निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
5. होपरी देखि सितोला-ओखल सडकलाई सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
6. प्रत्येक वडा केन्द्रबाट गाउँपालिका केन्द्र सम्म र हरेक टोल वस्तिबाट वडा केन्द्र सम्म जोडन स्तरीय सडक तथा बाटोघाटोको निर्माण गरिनेछ ।
7. हरेक बस्तीबाट विद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक केन्द्र आदि स्थानलाई जोडने बाटो निर्माण तथा मर्मत गरिनेछ ।
8. गाउँपालिकाको विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनतालाई आवत जावतमा सहज गर्न झोलुङ्गे पुल कार्यक्रमलाई निरन्तरता दिइनेछ।
9. होपरीगाड - सिप्टी सडकलाई स्तरोन्नती गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
10. वडा नं. १ इयरकोटलाई आगामी २ वर्ष भित्र सडक सञ्जालले जोडिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

## (ख) जलस्रोत, सिँचाई तथा ऊर्जा सम्बन्धी नीति;

1. सम्भावित मझौला तथा साना (आधुनिक सिँचाइ प्रणाली र लिफ्ट सिँचाइ) र जलविद्युत् परियोजना सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ। साथै निर्माण सम्पन्न आयोजनाको असल व्यवस्थापनका लागि संस्थागत विकास तथा क्षमता विकासमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
2. गाउँपालिका भित्र संचालित लघु जलविद्युत् आयोजनाहरूको दिगो व्यवस्थापन तथा सञ्चालन गर्न उपभोक्ता समितिलाई सक्रिय बनाई स्थानीय ग्रिड निर्माण गरी राष्ट्रिय प्रशारण लाइनमा जोड्न आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
3. गाउँपालिका भित्र साना सिँचाई प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
4. कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण गर्न कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
5. वैकल्पिक ऊर्जा, सौर्य ऊर्जा, गोबरग्याँस, वायु ऊर्जा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरी गाउँपालिकालाई प्रदूषण मुक्त गर्ने नीति लिइनेछ र विद्युत् चूलो प्रयोगमा जोड दिइनेछ ।
6. गाउँपालिका क्षेत्रका कुनै पनि नदीनालाहरूबाट विद्युत् उत्पादन गर्दा दिगो विकासको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति र सिद्धान्त अनुसार नदीमा पानी छोड्न लगाइनेछ ।
7. गरिबीको रेखा मुनी रहेका एकल महिला, दलित, पिछडिएका समुदायका परिवार टुहुरा अपाङ्ग असक्त घर परिवारलाई विद्युत् महसुलमा पूर्ण वा आंशिक छुटको व्यवस्था गरिनेछ ।
8. सरकारी तथा गैर सरकारी कार्यालयहरू, विद्यालयहरू, स्वास्थ्य संस्थाहरू, प्रहरी चौकीहरूमा निरन्तर विद्युत् सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
9. आगामी १ वर्ष भित्र ९० प्रतिशत भन्दा बढी घरधुरीमा दिगो विद्युत् सेवा पुर्‍याइनेछ ।
10. गाउँपालिकाको सम्पूर्ण नदी तथा खोलाहरूमा उपलब्ध हुने पानीलाई सदुपयोग गर्न अल्पकालीन तथा दीर्घकालीन जल उपयोग गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
11. संघीय र प्रदेश सरकारको सहयोगमा गाउँपालिका भित्र खेती योग्य जमिनको उत्पादनलाई बृद्धि गर्न सिँचाई योजना सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

अध्यक्ष
नौमाड गाउँपालिका

12. संघीय र प्रदेश सरकारको सहयोगमा गाउँपालिका भरीका सबै जनतालाई स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याउन आवश्यक पहल गरिनेछ।

**(ग) भवन तथा शहरी विकास सम्बन्धी नीतिः**

1. भवन निर्माण आचारसंहिता, २०७२ को परिधि भित्र रही गाउँपालिकाको भवन आचारसंहिता निर्माण गरी भवन निर्माण र बजार व्यवस्थापनको नीति लिइनेछ साथै नयाँ बन्ने भवन तथा घरहरू नक्सा पास गरेर मात्र निर्माण गर्न आम नौगाडवासी जनसमुदायलाई अभिप्रेरित गरिनेछ ।
2. विद्यालयमा छात्रावास तथा गाउँपालिकामा कर्मचारी आवासगृहको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
3. जनयुद्ध तथा जनआन्दोलनका शहीदहरूको स्मृतिमा शहीद पार्क, शहीद स्मृति भवन तथा सालिक निर्माण गरी शहीद सङ्ग्रहालयको स्थापना गरिनेछ ।
4. गाउँपालिकाको नव निर्मित प्रशासकीय भवनलाई व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ ।
5. गाउँपालिकाको पुरानो प्रशासकीय भवनलाई मर्मत सम्भार गरी जनप्रतिनिधि र कर्मचारीहरूको आवासको रूपमा प्रयोगमा ल्याइनेछ ।

**(घ) सूचना प्रविधि तथा संचार सम्बन्धी नीतिः**

1. सञ्चार सेवाबाट बञ्चित रहेका नौगाड गाउँपालिकाको टोल वस्तिहरूमा संचार सेवा विस्तार गर्दै आगामी वर्ष भित्र सम्पूर्ण कार्यालयहरूमा गुणस्तरीय टेलिफोन, इन्टरनेट सेवा चौबीसै घण्टा उपलब्ध गराउन आवश्यक उपकरण खरीद तथा पूर्वाधार निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरोकारवाला निकायहरूसंग आवश्यक समन्वय गरिनेछ ।
2. जनतालाई सूचनाको हकको प्रत्याभूति दिन तथा सूचना सम्प्रेषणमा सहजता ल्याउन गाउँपालिका क्षेत्रमा स्थानीय एफ. एम. रेडियोहरूको सेवा विस्तारका लागि सामुदायिक रेडियोहरूको साझेदारीमा एफ. एम. टावर निर्माण तथा नयाँ एफ.एम. सञ्चालन गर्न भौतिक पूर्वाधार निर्माण गरिनेछ।
3. सूचना तथा संचार प्रविधिमा आधारित स्थानीय तह एकिकृत वस्तुस्थिति विवरण तयार गरिनेछ ।
4. सूचना प्रविधिमैत्री स्थानीय तह निर्माणमा जोड दिइनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

5. विद्युतीय शासन (E-Governance) स्थापनाका लागि गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरूमा आवश्यक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

6. सूचना प्रविधिको उच्चतम प्रयोग गरी सूचना प्रविधिमैत्री गाउँपालिका बनाउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

**४. वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति;**

**(क) फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रण**

1. प्रत्येक घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोस्ट मल बनाई स्व-व्यवस्थापन गर्न अभिप्रेरित गरिनेछ।

2. वातावरणमा नकारात्मक असर पार्ने खालका प्लास्टिक जन्य सामानहरूको प्रयोगलाई न्यूनिकरण गरिनेछ ।

3. गाउँपालिका भरी हरेक टोल वस्तिहरूमा फोहोर विसर्जन तथा व्यवस्थापन गर्न उचित संयन्त्र बनाइनेछ र फोहोर गर्नेले व्यवस्थापन पनि गर्ने नीति अवलम्बल गरिनेछ ।

4. हरेक घरपरिवारमा शौचालय र स्नान घरको निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

5. एक घर एक कुहिने खाडल तथा फोहोर जलाउने इन्स्यानेटरको निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

6. विगतमा गाउँपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले सञ्चालनमा ल्याएका फोहोर व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

7. गाउँपालिका र अन्तर्गतका कार्यालयहरूलाई प्लाष्टिकजन्य वस्तु निषेधित क्षेत्र घोषणा गरिनेछ ।

8. गाउँपालिका केन्द्रमा सार्वजनिक शौचालय र फोहोर सङ्कलन कन्टेनरको व्यवस्था गरिनेछ ।

**(ख) हरियाली प्रवर्द्धन**

1. **"हरियो वन संरक्षण र स्याहार, समृद्धिको एक आधार"** भन्ने नारालाई साकार पार्न वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

2. गाउँपालिका भरी छरिएर रहेका सामुदायिक वनलाई संरक्षण र सम्वर्द्धन गरी **"हरियाली नौगाड"** को आकाङ्क्षालाई साकार पार्न हरेक वर्ष असार महिनामा वृक्षारोपण सप्ताह आयोजना गरिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

3. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्यक्रम बनाई स्थानीय तहबाट स्वीकृत गराउने र वन पैदावार बिक्री वाफतको १० प्रतिशत रकम स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

**(ग) जलवायु परिवर्तन अनुकूलन**

1. वातावरण तथा जलवायुमैत्री प्रविधियुक्त पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रूपले महत्वपूर्ण वनस्पति तथा जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रशोधनमा सामुदायिक वन उपभोक्ता महासँग नेपाल लगायतका निजी तथा सामुदायिक संस्थालाई सहभागी बनाइनेछ।
2. गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरूको दिगोपना, गुणस्तर र पारदर्शिताका लागि योजना सञ्चालन पूर्व र पश्चात् क्षमता विकास तालिम सञ्चालन गर्न र वातावरणीय दिगोपनालाई ध्यानमा राख्दै गाउँपालिका भित्र निर्माण हुने पूर्वाधार अन्तर्गत सडक, खानेपानी तथा अन्य योजनाहरू निर्माण गर्दा जलवायु अनुकूलन सम्बन्धी कार्यक्रमलाई जोडिनेछ ।

**(घ) विपद् व्यवस्थापन**

1. बाढी पहिरो तथा भू-क्षयको उच्च जोखिममा रहेका विभिन्न स्थानहरूमा जोखिम आँकलन गरी भू-क्षय तथा बाढी पहिरो नियन्त्रण गर्न बाँस, निगाँलो, अम्रिसो, भेटिभर जस्ता बिरुवा रोपण गरी जैविक पद्धति मार्फत जोखिम न्यूनिकरण गर्दै लगिनेछ।
2. वन क्षेत्र, जलक्षेत्र र सिमसार क्षेत्रलाई संरक्षण गर्न विशेष किसिमको कार्यक्रमहरू तर्जुमा लगायत प्राकृतिक एवम् मानवीय सङ्कट र प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र राहतलाई वैज्ञानिक रूपमा सञ्चालन गर्न संरचनागत व्यवस्था गरिनेछ ।
3. गाउँपालिकाको ६ वटै वडाहरूमा नौगाड नदी किनाराका क्षेत्र तथा वस्तिहरूमा वर्षेनि बाढी पहिरोका कारण भौतिक संरचना र आम नागरिकहरूका घरजग्गा तथा सम्पत्तिको अपूरणीय क्षति न्यूनीकरण गर्न नौगाड नदी र शाखा खोला किनारामा पक्की तटबन्ध निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

4. अविरल वर्षा, बाढी, पहिरो, खडेरी, आगलागी, भूकम्प लगायतका प्राकृतिक, तथा मानवजन्य प्रकोपको तत्काल सम्बोधन गर्न सक्ने गरी विपद् पूर्व तयारी, पूर्व सूचना, प्रतिकार्य, पुनः निर्माण र पुनः स्थापना कार्यक्रमलाई सुदृढ बनाइनेछ र राहत वितरणमा एकद्वारा प्रणाली अपनाइनेछ ।
5. आकस्मिक तथा आपत्कालीन हवाई सेवा सञ्चालनका लागि प्रत्येक वडामा एउटा हेलीप्याड निर्माण गर्न **"एक वडा, एक हेलिप्याड"** कार्यक्रम सञ्चालन गरिनेछ ।
6. नौगाड नदीमा बाढी तथा मनसून पूर्व सूचना प्रणाली (Early Warning System- EWS) स्थापना गरी नागरिकहरूलाई बाढीको जोखिमबाट बच्न पूर्व तयारीका लागि सक्षम बनाइनेछ ।
7. विपद् व्यवस्थापनका लागि गाउँपालिकाको विपद् पूर्व तयारी प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र सम्बन्धी नीति;

### (क) संस्थागत विकास तथा सुशासन

1. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा सूचना प्रविधि जडान गरिनेछ ।
2. हरेक सेवा प्रदायक कार्यालय र विद्यालयहरूमा गुनासो सुनुवाइ गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई कार्यान्वयनमा ल्याई गुनासो राख्न निःशुल्क टोल फ्रि नम्बर सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।
3. प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगारहरूको तथ्याङ्क सङ्कलन, सिफारिस तथा छनौट प्रक्रियालाई वस्तुनिष्ठ बनाइनेछ ।
4. रोजगार सेवा केन्द्रबाट सूचीकृत बेरोजगार श्रमिक र गाउँपालिकाबाट निर्माण सामग्री उपलब्ध गराई संयुक्त रूपमा दिगो र गुणस्तरीय श्रममूलक आयोजनाहरू छनौट गरी सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।
5. स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ तथा स्वच्छता, बहु क्षेत्रीय पोषण, महिला, कृषि र पशुन्छी विकास सम्बन्धी कार्यक्रमहरू समन्वयात्मक ढङ्गबाट सञ्चालन गरिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

6. सामाजिक सङ्घ संस्थालाई पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्दै दुर्गम, लक्षित वर्ग एवं आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गर्न निर्देशित र प्रोत्साहित गरिनेछ । सरकारी तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

7. श्रम सहकारीहरूको क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

8. प्राविधिक र सहयोगी जनशक्ति, करार कर्मचारी व्यवस्थापन कार्यविधि अनुसार नियुक्त गरी अनुभव, क्षमता, योग्यता अनुरूप जिम्मेवारी दिइनेछ । साथै करार सम्झौता बमोजिम कार्यसम्पादन सन्तोषजनक नभएमा करार सम्झौता भङ्ग गरिनेछ ।

9. गाउँपालिकाको कार्य सञ्चालन र व्यवस्थापन गर्दा संघ, प्रदेश र अन्य स्थानीय तहहरू बीच समन्वयात्मक सम्बन्धको विकास गरिनेछ ।

10. सार्वजनिक निकायहरूले बैंकिङ कारोबार गर्दा गाउँपालिकामा स्थापित बैंकको शाखाबाट गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

11. कुनै पनि व्यक्ति वा समूह वा संस्थालाई जिम्मेवारी दिँदा पूर्व कार्यको समीक्षा गरेर मात्र दिने नीति लिइनेछ।

12. गाउँपालिकाबाट आयोजना हुने हरेक क्रियाकलाप र खरीद प्रक्रियामा मितव्ययिता अपनाउँदै सम्पूर्ण खरिद प्रक्रियालाई विद्युतीय प्रणालीबाट खुल्ला प्रतिस्पर्धाद्वारा र भौतिक निर्माणका लागि ठेक्का विद्युतीय खरिद व्यवस्थापन प्रणालीबाट गरिनेछ ।

13. विकास निर्माण लगायतका सार्वजनिक सरोकार तथा महत्वका सम्पूर्ण कार्यहरूमा सुशासन, पारदर्शिता तथा जवाफदेहीता प्रवर्द्धन गर्न सबै खालका अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलापहरू माथि नियमन तथा नियन्त्रण गरिनेछ ।

14. सार्वजनिक प्रशासनलाई जनमुखी, प्रभावकारी, छिटोछरितो, स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त तथा जनउत्तरदायी बनाइनेछ र सबै किसिमका भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

15. **DIGITAL NAUGAD FRAMEWORK** को सुरूवात गरिनेछ, सोको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाउने नीति लिइनेछ । आगामी आर्थिक वर्ष देखि गाउँपालिका मातहतका सबै कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी कागजको प्रयोग क्रमशः कम गर्दै लगिनेछ ।

16. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै महालेखा परीक्षकको सुझाव कार्यान्वयन गरी बेरूजूलाई शून्यमा झार्ने नीति लिइनेछ।

17. गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरूलाई चैत्र मसान्त भित्र सम्पन्न गर्ने नीति लिइनेछ ।

18. ग्रामीण समाजमा हुने विकृति, बिसङ्गती, तथा अपराधिक गतिविधिलाई नियन्त्रण गरी शान्ति सुरक्षा र अमनचैन कायम गर्न पालिका भित्र रहेका प्रहरी चौकी र अस्थायी प्रहरी पोष्टलाई सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा थप व्यवस्थित गरिनेछ ।

19. जनसरोकारका हरेक विषयमा सुझाव, सल्लाह र समन्वयात्मक विधिबाट अगाडि बढ्न सर्वदलीय संयन्त्रको अवधारणालाई आत्मसाथ गरिनेछ ।

20. हरेक प्रकारका विकास योजना सम्पन्न गरिसके पछि उपभोगको अवधिलाई बढाउन जिम्मेवार पक्षले अनिवार्य रूपमा त्यसको संरक्षण र संवर्द्धन गर्नुपर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

21. नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, नीति, मापदण्ड, र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

22. वडा स्तरमा राष्ट्रिय पञ्जिकरण विभागको विधि र पद्धति अनुसार घटना दर्ता सप्ताह सञ्चालन गरिनेछ।

23. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त गर्न पालिका र मातहतका कार्यालयहरूमा अनलाइन विद्युतीय हाजिरी प्रणाली लागू गरिनेछ ।

24. जनप्रतिनिधि तथा अन्य कर्मचारीहरूको कार्यदक्षता बढाउन आवश्यक प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

25. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाइनमा आधारित घटना दर्ता प्रणालीमा सबैलाई आबद्ध गर्न सबै वडा कार्यालयहरूमा गुणस्तरीय र दिगो इन्टरनेट सेवाको व्यवस्था मिलाइनेछ । साथै सामाजिक सुरक्षा भत्ता

अध्यक्ष
नौगाड गाउँपालिका

परिचय पत्र प्राप्ति र नविकरणका लागि बायोमेट्रिक प्रणाली स्थापनाका लागि आवश्यक सूचना प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याइनेछ ।

26. पञ्चवर्षीय आवधिक योजना, आयोजना बैंक र मध्यमकालिन खर्च संरचना निर्माण गरी क्षेत्रगत प्राथमिकताको आधारमा योजना कार्यान्वयन गर्ने पद्धतिको थालनी गरिनेछ ।

27. भू-उपयोगितालाई व्यवस्थित गर्न जग्गाको वर्गीकरण कार्यलाई सम्पन्न गरिनेछ ।

28. बजेट सीमा निर्धारण गरी विनियोजनको लागि विषयगत समितिमा पठाउने नीति लिइनेछ ।

29. पालिकाबाट हुने सम्पूर्ण भुक्तानी तथा निकासालाई विद्युतीय कोष स्थानान्तरण प्रणाली (EFT) मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

30. गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम, ठेगाना, सम्पर्क नम्बर, नागरिकता प्रमाणपत्र नम्बर, राष्ट्रिय परिचय पत्र र Biometric द्वारा नवीकरण तथा नयाँ दर्ता गराउनुका साथै सम्पूर्ण वडाहरूमा गरिने घटना दर्तालाई थप व्यवस्थित पारिनेछ ।

31. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सरल बनाउन बैक मार्फत भुक्तानी गरिने र ९० वर्ष वा सो भन्दा बढी उमेरका ज्येष्ठ नागरिक, रातो रङ्गको परिचयपत्र प्राप्त गरेका पूर्ण अपाङ्गता भएका नागरिकहरू (क वर्ग), अति अशक्त अपाङ्गता प्रमाणित भएका नागरिकहरू (ख वर्ग), तथा बैक सम्म उपस्थित भई सामाजिक सुरक्षा भत्ता लिन नसक्ने लाभग्राहीहरूको सहजताका लागि बैक तथा वित्तीय संस्थाहरू सँग समन्वय गरी ए.टी.एम., शाखा रहित बैक, भुक्तानी केन्द्र, भुक्तानी शिविर सञ्चालनका लागि पहल गरिनेछ।

32. हरेक वडाका प्रतिनिधि, स्थानीय तहका अन्य कर्मचारी र पदाधिकारी तथा अन्य सरोकारवालाहरूलाई सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सम्बन्धी अभिमुखीकरण गरिनुका साथै वडा कार्यालयमा कार्यरत पञ्जिकाधिकारी तथा अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मा काम गर्ने कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३३. व्यक्तिगत घटना दर्तालाई सत प्रतिशत गराउनको लागि उपयुक्त समय व्यवस्थापन गरी राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा नाम दर्ता शिविर सञ्चालन तथा लाभग्राहीहरूसँग नीतिगत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. सामाजिक सुरक्षा भत्ता रकमको उपलब्धता, आवश्यकता, प्रयोग, लाभग्राही स्वयम्ले उपभोग गर्न पाए नपाएको अनुगमन तथा लाभग्राहीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन;**

१. दिगो र भरपर्दो आयका स्रोतहरू मार्फत राजस्व सङ्कलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन । गाउँपालिकामा राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्न कर तिर्नु सम्मानको विषय भएको संस्कारको बृद्धि गर्न **"कर तिर्न उत्साहित होऔं, समृद्ध पालिका निर्माणमा सहभागी बनौं"** भन्ने नारा अङ्गीकार गरिनेछ । जसका लागि अधिकतम कर दाखिला गर्ने वा कर छलि नगर्ने व्यक्तिलाई सार्वजनिक रूपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ । साथै स्थानीय सरकारले लगाउँदै आएका सेवा शुल्क र दस्तुरको दरमा समय सान्दर्भिक परिमार्जन गरिनेछ।

२. स्थानीय समुदाय एवम् स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा बजार अनुगमनलाई तीव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

३. अर्थतन्त्रमा देखा परेका चुनौतीलाई सामना गर्न गाउँपालिकाले पुँजिगत खर्चमा बृद्धि गर्दै चालू खर्च तर्फको चापलाई न्यूनिकरण गर्दै मितव्ययिता कायम गरिनेछ ।

४. मदिराजन्य व्यवसायमा लाग्दै आएको व्यावसायिक कर बृद्धि गरिनेछ । साथै मदिराजन्य पदार्थको अनधिकृत बिक्री वितरण र भन्सार छली आएका पदार्थलाई नियन्त्रण गरिनेछ ।

५. गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करको दायरा बिस्तार एवं करका विद्यमान दरलाई समय सापेक्ष परिमार्जन गरिनेछ । राजस्व परिचालनका थप क्षेत्र पहिचान गरी आन्तरिक आयलाई थप सुदृढ बनाइनेछ ।

६. राजस्व दायरा बढाउन ढुङ्गा, गिट्टी र बालुवा उत्खननलाई व्यवस्थित गर्ने र करको दायरा भित्र ल्याउन आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

७. राजस्व सुधार कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

अध्यक्ष
नौमाड गाउँपालिका

**गाउँसभाका सदस्य ज्यूहरू, उपस्थित महानुभावहरू;**

**अन्तमा,** गाउँपालिकालाई सीमित स्रोत साधन, भौगोलिक विकटता, समय समयमा आउने बाढी पहिरो तथा प्राकृतिक विपद्को सामना गर्दै "समृद्धि नौगाड, सुखी नौगाडबासी" दूरदृष्टि तर्फ लैजाने, आम जनताका समृद्धिका चाहना पूरा गर्ने, स्थानीय सरकार र जनता बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणबाट गाउँपालिकालाई स्वस्थ, सफा, शिक्षित, अनुशासित, सुरक्षित र समृद्ध बनाउने हाम्रा प्रयत्नहरू अविचलित रहने छन् । जनताले विश्वास गरेर दिएको यो महत्वपूर्ण अवसरलाई सदुपयोग गर्दै नौगाडलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्वको प्रत्याभूति दिलाउने छुँ । साथै गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि अघि सारेका नीति तथा कार्यक्रमहरू बजेटको अभावमा कार्यान्वयन गर्न नसकिने  तीतो यथार्थ कायमै रहने कुरा जानकारी गराउँदै प्रस्तुत नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयनमा सहयोग पुर्‍याउन संघीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, विभिन्न दातृ निकायहरू, राजनीतिक दलहरू, शाखा प्रमुखहरू, शिक्षक कर्मचारीहरू, समाजसेवी, अग्रज, बुद्धिजीवी, नागरिक समाजका अगुवाहरू, सुरक्षाकर्मी, पत्रकार र आम नौगाडबासी आमाबुबा, दाजुभाई, दिदी बहिनीहरूमा हार्दिक अनुरोध गर्दछु। र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पुस्तिका प्रकाशन गर्दा गाउँपालिका भित्रै उत्पादित नेपाली कागजको प्रयोग रहेको कुरा पनि जानकारी गराउन चाहन्छु । **धन्यवाद !**

**०७ असार, २०८१**

**(दलजीत सिंह धामी)**

**अध्यक्ष**

**नौगाड गाउँपालिका**

**दार्चुला**